मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मौसम: २४ घण्टालाई चेतावनी

काठमाडौं, ४ जेठ/बुधबार राति प्रदेश १ र मधेश प्रदेशलगायत अन्य प्रदेशका पहाडी भेगमा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी स्थानमा आंशिक बदली देखि मौसम सामान्यतया सफा रहने अनुमान रहेका छन् । यस क्रममा प्रदेश १ र मधेश प्रदेश तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना देखिएका छन् । आज दिउँसो प्रदेश १, मधेश प्रदेश र बागमती प्रदेश लगायत अन्य प्रदेशका पहाडी भेगमा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी स्थानमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ । प्रदेश १, मधेश प्रदेश र बागमती प्रदेश लगायत अन्य प्रदेशका पहाडी भेगमा केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

बिहीबार राती प्रदेश १, मधेश प्रदेश लगायत अन्य प्रदेशका पहाडी भेगमा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी स्थानमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ । यस क्रममा प्रदेश १ र मधेश प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना साथै अन्य प्रदेशका पहाडी भेगका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । -साभार: नेपालखबर

# मकवानपुरको ८२ वटा वडामा मतगणना सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ मकवानपुरको ८२ वटा वडामा मतगणना सम्पन्न भएको छ ।

समाचार तयार पार्दासम्म जिल्लाको १०२ वडामध्ये ८२ वटा वडाको मतगणना सम्पन्न भएको हो । जसमा सबैभन्दा बढि वडामा नेपाली कांग्रेसले जीत हासिल गरेको छ । कांग्रेसले ३९ वडा अध्यक्ष जितेको छ भने माओवादी केन्द्रले २३ र एमालेले १९ वटा वडामा जीत हात पारेको छ ।




अब २० वडाको मतपरिणाम आउन बाँकी छ । नेपाली कांग्रेसबाट इन्द्रसरोबर गाउँपालिका-१ मा सुवास थापा, इन्द्रसरोवर गाउँपालिका-२ मा सुमन श्रेष्ठ, इन्द्रसरोवर गाउँपालिका-५ दुधराज तितुङ, भीमफेदी-१ मा सोम बहादुर स्याङ्तान, भीमफेदी गाउँपालिका-६ मा सोमबहादुर घलान, भीमफेदी गाउँपालिका-७ मा मित्रबन्धु सिन्जाली, कैलाश गाउँपालिका-१ मा तेजबहादुर ब्लोन, कैलाश गाउँपालिका-२ मा राजेन्द्र तामाङ घिसिङ, कैलाश गाउँपालिका-७ मा उदास भोलन, कैलाश गाउँपालिका-८ आशिष प्रजा, र कैलाश गाउँपालिका-९ मा भुवनसिं घलान बिजयी भएका छन् । मकवानपुरगढी गाउँपालिका-१ मा आइतसिंह लो, मकवानपुरगढी गाउँपालिका-२ मा बखानसिं पाखिन, मकवानपुरगढी गाउँपालिका-५ मा दिपेश दाहाल, मकवानपुरगढी गाउँपालिका-६ मा कृष्ण बजगाईं, मकवानपुरगढी गाउँपालिका-७ मा सूर्यबहादुर रूम्बा, मकवानपुरगढी गाउँपालिका-८ मा कुमार घिसिङ, थाहा-६ मा राजेन्द्रभक्त श्रेष्ठ, थाहा नगरपालिका-७ मा शिवराज गोले, थाहा नगरपालिका-१२ मा टीकाराम स्याङ्तान, बकैया गाउँपालिका-५ मा लक्ष्मी जिम्बा, बकैया गाउँपालिका-९ मा टंकध्वज लोप्चन, बकैया-१० मा कमला वाइवा, बकैया गाउँपालिका-११ गोपाल नेसुर, बकैया गाउँपालिका-१२ मा ज्ञानेन्द्र बजगाई, राक्सिराङ-२ मा बुद्धराम मुक्तान, राक्सिराङ गाउँपालिका-५ मा हरिबहादुर प्रजा, राक्सिराङ गाउँपालिका-७मा रामबहादुर प्रजा, राक्सिराङ गाउँपालिका-९ मा रामकुमार वाल्चा थिङ, हेटौंडा उपमहानगरपालिका-१ मा सविन न्यौपाने, हेटौंडा उपमहानगरपालिका-२ मा विष्णुगोपाल महर्जन, हेटौंडा उपमहानगरपालिका-३ मा ढलक थापा, हेटौंडा उपमहानगरपालिका-६ मा विष्णुप्रसाद दाहाल, हेटौंडा-१६ मा रामकृष्ण कोइराला, मनहरी गाउँपीलिका-१ मा शिवप्रसाद खनाल, मनहरी गाउँपालिका-३ मा अनन्त अर्याल, मनहरी गाउँपालिका-६ मा यादव थपलिया, मनहरी गाउँपालिका-७ मा ठाकुर तितुङ र मनहरी गाउँपालिका-८ मा नारायण उप्रेती विजयी भएका छन् ।

यस्तैगरि नेकपा एमालेबाट इन्द्रसरोवर-३ मा प्रताप भोम्जन, इन्द्रसरोवर-४ मा चन्द्रकुमार बल, भीमफेदी-२ मा काशीराम बज्यू, भीमफेदी-४ मा सागर पाण्डे, भीमफेदी-५ मा जाहारसिं लामा, भीमफेदी-८ मा बिष्णुबहादुर लामा, मकवानपुरगढी-३ मा भागवत तिमल्सिना, मकवानपुरगढी-४ मा अर्जुनप्रसाद तिमल्सिना, थाहा-५ मा विष्णुबहादुर गुरूङ, थाहा-८ मा हेमकुमार थिङ, थाहा-१० मा हिरा बहादुर गमाल, बकैया-३ मा भुमलसिं घलान, बकैया-४ मा राजन दंगाल, बकैया-६ मा फूलबहादुर भोम्जन, राक्सिराङ-३ मा उत्तम वाइवा, राक्सिराङ-४ मा संजय कोइराला, हेटौंडा-१८ मा अनिल बानियाँ, हेटौंडा-१९ मा नरनाथ सुवेदी र बागमती-६ मा टेकबहादुर डिम्डुङ्ले जीत हासिल गरे ।

नेकपा माओवादी केन्द्रबाट भीमफेदी-३ मा प्रितिलाल लामा, कैलाश-३ मा देवलाल बल, कैलाश-४ मा तिलकबहादुर मोक्तान, थाहा-१ मा हेरमान गोपाली, थाहा-२ मा बमबहादुर सिंतान, थाहा-३ मा हिरेन्द्र रायमाझी, थाहा-४ मा नारायण लामा, थाहा-९ राजकुमार बलामी, थाहा-११ मा दिनेश बल, बकैया-१ मा आशिश तितुङ, बकैया-२ मा विश्वराज स्याङतान, बकैया-७ मा मानबहादुर सिन्तान, बकैया-८ मा विष्णु नेगी, राक्सिराङ-६ मा अक्कलबहादुर मोक्तान, राक्सिराङ-८ मा युसाई प्रजा, बागमती-१ मा यहुन्ना राई, बागमती-२ मा जनक पहरी, बागमती-३ मा कमानसिं पाखिन, बागमती-४ मा दन्तलाल माझी, बागमती-५ मा विजय भोलन, मनहरी-२ मा राजकुमार पाखीन, मनहरी-४ मा प्रकाश थापा र मनहरी-५ मा दिपेन्द्र अधिकारी विजयी भएका छन् ।

## मतपत्रमा 'नो भोट' लेखेको भेटिएपछि




साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर ४ को मतगणना गर्दा फेरि अर्को मतपत्रमा 'नो भोट' लेखेको भेटिएको छ ।

संविधानमा 'नो भोट' को व्यवस्था नभए पनि राजनीतिक दलहरूसहित सरकार उक्त संवैधानिक प्रावधान कार्यान्वयन गर्न आनाकानी गर्दै आएका वेला हेटौंडा उपमहानगरका मतदाताले मतपत्रमा हातैले लेखेर 'नो भोट' गरेका हुन् ।

मंगलबार पनि उक्त वडाको मत गणना गर्दा 'नो भोट' लेखेको मतपत्र भेटिएको थियो । बुधबार पनि भेटिएको मतपत्रमा मार्करले 'मेरो मत, चोर नेतालाई नो भोट' भनेर लेखिएको भेटिएको हो । मतगणना गर्दा यस्तो मतपत्र भेटिएपछि उम्मेदवारका प्रतिनिधिहरूमाझ हाँसो फुटेको थियो ।

## पहिलो पटक महिला वडा अध्यक्ष विजयी



साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/स्थानीय तह निर्वाचन-०७९ मा मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा दुई महिला वडा अध्यक्षमा निर्वाचित भएका छन् ।

सम्भवत: मकवानपुरमा पहिलोपटक महिला वडा अध्यक्षमा बिजयी भएका हुन् । राज्य पुनर्संरचना पश्चात् मुलुकमा संघीयता आएपछि भएको स्थानीय तह निर्वाचनमा यसअघि महिला वडा अध्यक्ष भएका थिएनन् । स्थानीय तह सदस्य निर्वाचनमा हालसम्म परिणाम सार्वजनिक भएका ८१ वडामध्ये २ महिला वडा अध्यक्षमा निर्वाचित भएका हुन् । मकवानपुरको बकैया-५ मा लक्ष्मी जिम्बा र बकैया-१० मा कमलाकुमारी वाइवा वडा अध्यक्षमा निर्वाचित भएका छन् ।

जिम्बाले एमालेका लालबहादुर जिम्बालाई २ सय ७८ मतले जितेकी हुन् । वाइवाले एमालेका कमलकुमार घलानलाई २ सय ५४ मतले जितेकी हुन् । विजयी जिम्बा र वाइवा दुवै नेपाली कांग्रेसबाट वडा अध्यक्ष उम्मेदवार बनेका थिए । कांग्रेसले एक पालिकामा एक महिला वडा अध्यक्ष उठाउने नीति लिएको थियो । मकवानपुरका अन्य पालिकामा भने महिला वडा अध्यक्ष निर्वाचित भएका छैनन् । कतिपय पालिकामा महिलाहरुलाई वडा अध्यक्षको उम्मेदवारी पनि दिइएको थिएन ।









साझाकुरा

## हाम्रो कुरा

# मतपत्रमा 'नो भोट' गल्ती कस्को ?

हेटौंडा उपमहानगरपालिकामा २०७९ वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनको मतगणना कार्य जारी छ । मतगणनाबाट आएको नतिजामा विजेताहरुले उत्सव मनाइरहेका छन् । पराजितहरुले आ-आफ्नो तरिकाले मतदाताहरुलाई धन्यवाद तथा कृतज्ञता व्यक्त गर्ने कार्यलाई अगाडि बढाइरहेका छन् । विजेताहरुलाई आगामी नेताबाट काम लिनुपर्छ भन्ने धारणाले हृदयदेखि स्वागत गरिरहेको दृष्य देखिएको छ भने पराजितलाई पनि सान्त्वना दिनुपर्छ भन्ने धारणाले जनताहरु अगाडि बढिरहेको पाइएको छ । स्थानीय तहको निर्वाचनमा समस्या नै यहि हो । वडा र पालिकामा नयाँ नेता चयन गर्नु आफैंमा चुनौंतीको विषय हो । जनतालाई सही नेतृत्व चयन गर्न गाह्रो तह भनेकै स्थानीय तह नै हो ।

यतिखेर जिल्लाभरि नयाँ नेतृत्व चयन भएर फूलमाला र घरदैलो र्‍यालीमा सबै नेता तथा कार्यकर्ता सक्रिय छन् । नेकपा एमालेको लालकिल्लाको रुपमा रहेको मकवानपुरमा यतिखेर गठबन्धनका उम्मेदवारहरु विजयी हुने क्रमले तीव्रता पाएको छ । अझै गठबन्धनका उम्मेदवारहरु जित्ने क्रमले तीव्रता पाइरहेको अवस्थामा नेकपा एमालेका नेता तथा कार्यकर्ताहरुले मतदाताहरुलाई घुर्की लगाउने र दबाब दिने क्रमले तीव्रता पाएको छ । लोकतान्त्रिक प्रणालीमा कुनैपनि जनताले जो सुकैलाई भोट दिऊन् त्यो उनीहरुको अधिकारको विषय हो । एमालेबाहेक अन्यलाई भोट दिँदा दबाब तथा प्रभाव दिनु भनेको लोकतान्त्रिक पद्धतिको खुलेआम उपहास हो । चुनावको अघिल्लो दिनसम्म जुनसुकै प्रक्रियाबाट मतदातालाई फकाउन सक्नु जुनसुकै दलको सफलताको सूचकको रुपमा लिइन्छ । तर, मत हालेकै कारणले जुनसुकै राजनीतिक दलले जनतालाई दबाब र प्रभावमा राख्न खोज्नु आफैंमा गल्ती हो ।

यसवर्षको चुनावमा केही वडाहरुमा मतदाताहरुले उम्मेदवारहरुलाई भोट नदिई 'नो भोट' को जनाउ दिँदै कुनैपनि नेतालाई भोट दिन्नँ भन्ने भाषा उल्लेख गरेको पाइयो । यस्तो अवस्था किन आयो ? नेपाल बहुदलीय व्यवस्थासहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश हो । यसमा एउटा दलको सिद्धान्त र विचार मन नपरे अर्को दल रोज्न पाउने अधिकार जनतामा निहीत छ । तर, कुनैपनि दल मन पर्दैन भनेर एउटा मतदाताले आफ्नो मत जाहेर गर्छ भने यसको अर्थ के हो ? लामो संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिलाई जनताले अपनत्व गर्न नसकेको जस्तो भान भएको छ । त्यसैले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र रक्षा गर्दै नयाँ व्यवस्थालाई जनपक्षीय ढंगले अगाडि बढाउन नेताहरुले आ-आफ्नो कार्यक्रम तथा नीति अगाडि सार्नुको विकल्प छैन ।

# दुर्गन्धित दलतन्त्रमा टुसाएका बागी/स्वतन्त्रहरू



✍ ईश्वरीप्रसाद पोखरेल

लोकतन्त्रको सुन्दर पक्ष आवधिक निर्वाचनबाट जनताले आफूखुसी प्रतिनिधि छनोट गर्ने तथा अफ्ना लागि शासकीय नेतृत्व प्राप्त हुने सुनौलो अवसर हो । वैयक्तिक रूपमा एकल प्रयासमा व्यक्ति अगुवा हुँदा सामूहिक उत्तरदायित्वभाव र जवाफदेहिता नहुने र आपसमा सहयोग, समन्वय र सहकार्यसमेतको अभाव हुने सम्भावना हुन्छ । यसै कारण राजनीतिक पार्टीहरूको खोजी र जन्म भएको हो र आवश्यकता ठानिन्छ । नेपालमा जनप्रतिनिधि चयनमा गाउँ फर्क पञ्चायती व्यवस्थाको नारा सुन्नमा जति मीठो र जनमुखी थियो । गाउँको विकासमा जनआश्वासन दिनमा जति आकर्षक र लोभलाग्दो थियो, ठीक व्यवहारमा उल्टो भयो । नेतृत्व जनतालाई झुक्याउने र आफूलाई बनाउने ध्याउन्नमा रहन थाले । पञ्चायती शासन कालमा नै गाउँ फर्क प्रणालीका तुलनामा प्रत्यक्ष चुनावी विधिबाट स्थानीय तहमा वडा सदस्य, वडाध्यक्ष, उपप्रधानपञ्च, प्रधानपञ्चको चुनाव हुँदै राष्ट्रिय पञ्चायतका माननीय सांसदहरू चयन हुन थाले ।

स्वामी भक्तिभावले थिचिएको गाउँफर्के मुर्दा नेतृत्वको स्थानमा चलायमान र जिउँदोपनको द्योतक लाग्ने प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरू धेरै कुशल, सफल र क्रियाशील रहे । तापनि राजनीतिक गतिविधिको सामूहिकता, समूहगत सौदाबाजी गरी जनमत लिन र दिन पाउने व्यवस्थाको पक्षमा पञ्चायतविरुद्ध आवाज घन्किन थाल्यो । मुलुकभित्र राजनीतिक दर्शनका आधारमा कतै पार्टी स्वतन्त्रता र कतै राजनीतिक स्वतन्त्रताको नारा र विचार तेर्साएर जनतालाई ठूलो बलिदानीसाथ लामबद्ध गरियो । पार्टीहरूको अगुवाइमा लामो राजनीतिक संघर्ष र सयौँ, हजारौँ जनाको बलिदानी, शहादतता र लाखौँ लाख जनताको प्रत्यक्ष सहभागितामा निरंकूशताको अन्त भयो ।

मुलुकमा प्रजातन्त्रको स्थापना, पूर्ण लोकतन्त्रको माग र बहाली हुँदै राज्यशक्तिमा कुनै वंशीय सत्ता तथा शक्तिलाई नमान्ने राजनीतिक प्रणाली स्थापित गरियो । आवधिक निर्वाचनबाट राजनीतिक पूर्णस्वतन्त्रताको उपयोग गरी गणतान्त्रिक रूपमा राष्ट्रपति, प्रधानमन्त्री हुने पद्धति रह्यो । साथै, सात प्रादेशिक सरकार तथा ७५३ स्थानीय तहको सरकारको अभ्यासमा मुलुकलाई प्रवेश गराइयो । गणतान्त्रिक प्रणालीको उपयोगबाट १२ रु १३ वर्षदेखि राजाविहीन र जनताका प्रतिनिधि राष्ट्रपति पदमा आसीन छन् ।

नेपाल सानो वा मध्यमस्तरको जनसंख्या भएको मुलुक हो । गणतान्त्रिक प्रणालीमा वैज्ञानिक विधिले जनतालाई मतदाता बनाउने र जनमत लिएर शासन गर्ने जनमुखी सोचको राजनीतिक प्रणाली मुलुकमा विकास गर्न, गराउन अझ पनि सकिएको छैन । नेपालीहरू स्वदेश विदेशमा जहाँ भए पनि आफूले मतदान गर्न पाउने सही अर्थमा जनसंख्याको अभिलेखीकरण हुन, गर्न नेतृत्व संवेदनशील छैन वा व्यवस्था मिलाउन सकिएको छैन । जन्मेका र उमेर पुगेका सबै नेपाली नागरिकलाई मतदातामा थप्दै जाने प्रक्रियामा सफल तर मृत्यु भएकाको दशौँ वर्षसम्म नाम नहटाउने निर्वाचन आयोगको असफलताले वैज्ञानिक मतदाता अभिलेखमा समस्या सिर्जना गरेको छ ।

यसै बीचमा राजनीतिक सार्वभौमिक अधिकार प्रयोगकर्ता पौने दुई करोड नेपाली जनताहरूको राजनीतिक अधिकार जाहेर हुने मतदानको वैज्ञानिक व्यवस्थापनको सवाल सम्बोधन नहुँदा विदेशमा रहेका लाखौँ लाख जनता मताधिकारबाट वञ्चित हुनुपरेको दुखद् अवस्था छ । पञ्चायत कालमा राजाको प्रत्यक्ष शासनमा समेत दुईचार जना साहसी प्रतिनिधिलाई चुनावमा उठाउने, देशव्यापी अभियान चलाउने, मतदानबाट विश्वास लिएर जिताउने र राजाको एकाधिकारको राष्ट्रिय पञ्चायतभित्र अघोषित प्रतिपक्षको व्यवस्था मिलाउने जोखिम मोल्ने नेपालका राजनीतिक दलहरूको प्रगतिशीलता र क्रान्तिकारिता कहाँ हरायो ? पञ्चायती कालमा विश्वसामु नेपालमा यो भएन, ऊ भएन र राजाको व्यवस्था ठीक छैन, हामी भए, यसो गर्थ्यौं, उसौँ गर्थ्यौं भनेको इतिहास मेटिएको छैन ।

तर राजनीतिक दलहरूले सार्वभौम अधिकार आफूमा केन्द्रित गरेपछि पञ्चायतमा राजाले समेत गर्न लाज मान्ने लाजनीतिको राजनीतिमा आफूलाई प्रवेश गराए । सत्तामा पुगेपछि गिरिजाप्रसाद कोइरालाको उदण्डता र निरंकुशताले संसदीय विधि, प्रणाली र जन अभिमतको उपहास गर्न थाल्यो । राजनीतिक पार्टीहरू, पार्टीका रूपमा रहेनन्, नेताहरूका गुट, उपगुटका कोठरी र स्वार्थका साधन बने, बनाइए । पार्टीभित्रका स्वाभिमानी र नि:स्वार्थताका प्रतिमूर्ति नेता तथा अगुवाहरू अपमानित हुँदै, अफ्नो आस्था जोगाउन पार्टी राजनीतिबाट अलग्गिएर निष्क्रिय भए ।

प्रजातन्त्रको मर्म नसिकेको नेतृत्वको सत्ता प्राप्ति र बेतुकको उन्मादले आफूलाई देवत्वकरण गर्दा, लामो समय अफ्ना अगुवासमेतका सहयात्रीहरू पछिल्लाकालका नेताका लागि सर्वमान्य रहेनन् । जनताको सार्वभौम संसद्को दुरुपयोग गर्ने वा नटेर्ने संसद्को असामयिक हत्या गर्ने अपराध हुन थाल्यो । राजाकालीन संसद्को जति वाक्स्वतन्त्रता नभएको र निरीह दासहरूको जमात बुँख्याचाहरू मात्र संसद् बनाइन थाले । पूर्ण राजनीतिक अधिकार तथा जनताको शासन स्थापित गर्ने अतिवादको प्रतिस्पर्धामा एकातिर भर्खर बामे सर्दै गरेको संसदीय प्रजातन्त्रको घाँटी निमोठ्ने गिरिजा प्रवृत्ति र अर्कोतिर माओवादीको जनयुद्धको अदूरदर्शी, आत्मघाती तथा विध्वंसक राजनीतिमा मुलुक फस्यो । दुवै अतिवादको राजनीतिक छिनोफानो दूरदर्शिता र सुझबुझसाथ हुनुको सट्टा एकपछि अर्को लाजनीतिक उदण्डताको खेल राजनीतिका नाममा सुरु भयो ।

राजनीति राजनीति रहेन, पूर्ण लाजनीति, मुसा प्रवृत्ति, अनैतिक खेल र धनवाद, डनवाद र लेनदेन वादमा फस्यो । केन्द्रमा सरकार बनाउने तथा दुईचार महिना नहुँदै गिराउने र जिल्ला तथा स्थानीय तहको राजनीतिक भूमिकामा रहेका संरचनाहरूलाई खारेज गरियो । जिल्ला र स्थानीय तहमा राजनीतिक नेतृत्वविहीन बनाएर सर्वदलीय सिण्डिकेट चलाएर १७/१८ वर्ष राजनीतिक बिचौलियाहरूको शासन चलाइयो । मुलुकमा गायक पशुपति शर्माको लुट्न सके लुट कान्छाको बोल गीतको रडाकोको जुन बितण्डा मच्याइयो, त्यसको परिणाम नै देशको अधोपतन तथा परनिर्भरताको दयनीय दृश्य हो भन्न सकिन्छ । स्थायी सरकार भनिने राज्य संयन्त्रमा नाङ्गो राजनीतिकरण प्रारम्भ भयो । पार्टीका समानान्तर वर्गीय पेसाका सबै क्षेत्रमा संगठनहरू स्थापना गर्न थालिए । विद्यार्थी, प्राध्यापक, शिक्षक, कर्मचारी, उद्योग प्रतिष्ठान, जतासुकै फरक-फरक धारका वर्गीय र राजनीतिक पार्टीअनुसारका संगठनहरू खोलिए । राज्यको साधन, स्रोत र ऐन-कानुनको नेतृत्वकारी भूमिका रहेका वर्गीय पेसाधारीहरूले हाम्रो अधिकार यो यो हो, मैले यी यी सुविधा पाउनुपर्दछ र मैले, हामीले यो छुट र ऊ छुट नपाएमा देखाइदिन्छौँ, बन्द गरिदिन्छौँ जस्ता धम्की र अराजकताका संस्कार चाहिँ जतासुकै प्रवाह भयो, गरियो । तर पेसागत काम, कर्तव्य र जवाफदेहिता चाहिँ शून्य रह्यो र यी पेसागतका वर्ग र राजनीतिक संलग्नतामा मुलुकमा लुटतन्त्रको बोलबाला वैधानिक रूपमा सबै क्षेत्रमा संस्थागत गर्दै देशमा भ्रष्टाचार र कुशासनको प्रवेश गराइयो ।

ती सबै विकृति र विसङ्गतिको पृष्ठभूमिमा माओवादी शान्ति प्रक्रिया, संविधान सभा चुनाव, कार्यसम्पादनमा विफलता र दोस्रो संविधान सभा र संविधान निर्माणमा सफलता प्राप्ति भए । तर राज्यले धान्नै नसक्ने राजनीतिक प्रतिनिधित्व तथा प्रशासनिक संरचना विस्तारले साधारण खर्चको मारमा मुलुकलाई फसाइयो । राज्य सञ्चालनको प्रक्रियामा संवेदनशीलताबाट आर्थिक मितव्ययितापूर्वक मुलुकलाई कसरी निकाल्ने, उकास्ने भन्ने नेतृत्व र सुशासनको मार्ग देशले खोजिरहेको बेला, कथनी र करणीमा नितान्त फरक मान्यता बोक्ने अर्का उद्दण्ड शैली र देवत्वकरणको मोहमा आफूलाई सर्वेसर्वा ठान्ने अतिवादमा फसेका केपी बा भनिने लाजनीतिको दुर्घटना वादले मुलुकमा संस्थागत भ्रष्टाचार, बिचौलिया प्रोत्साहनवाद, सार्वभौम संसद्लाई तीन वर्षसम्म पूर्ण निकम्मा वाद र निष्क्रियवादमा बन्धक बनाइयो । आफू सत्ताबाट बाहिर हुँदा पनि संसद् चल्न नदिएर बन्धक बनाएने कार्य जारी नै छ ।

जीवनभर राजनीतिक मतान्तर र विपरीत दिशामा हिँडेका राजनीतिक तथा अराजनीतिक शक्तिहरूलाई सत्ता, शक्ति र साधन स्रोतको पहुँचमा पुर्‍याएर एकाधिकार कायम गर्ने उद्देश्य राखियो । जो जससँग सन्धि, सम्झौता र सहमति भए, तिनले अपारदर्शी रूपमा एकता र सहमतिका नाटक मञ्चन गरिएका रहेछन् भन्ने रहस्य खुल्दै गए । नेतृत्वमा के देखियो भने, अफ्नो देवत्वकरण नगर्ने र आलोचना गर्नेहरू शत्रुको आरोपमा खेदिएनन् मात्र कतै, सत्ता हरण हुन्छ कि भन्ने डरमा गुटबन्दीको शिकारमा देशलाई फसाइयो । अनाहकमा दुई दुई पटक प्रतिनिधि सभा विघटन गरिए र दुवै पटक अदालतको मानहानि हुने गरी कार्य गरियो र प्रतिक्रिया दिने क्रम आज पर्यन्त रोकिएका छैनन् । कार्यकारिणी अधिकार प्रयोगको दुरुपयोग गरी अफ्ना गैरसंवैधानिक मुद्दाहरूको तामेली गर्ने वा पक्षमा फैसला दिने सबै संवैधानिक र अदालती निर्णयहरू प्रजातान्त्रिक मानिए तर विपक्षमा हुने निर्णयहरू परमादेशी र गैरसंवैधानिक ठानिने लाजनीतिलाई प्रश्रय दिइयो ।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको संवैधानिक आयोगहरूको सरकारी नेतृत्व तहबाट कसरी हुर्मत लिइयो र भर्ती केन्द्र बनाइयो ? आम सर्वसाधारण तथा चासो राख्ने जानकारहरूबाट तथ्य छिपेको छैन । सत्तामा हुने तथा विपक्षमा हुनेहरूप्रति तिनका भक्तिभाव प्रदर्शकले पनि बेलामौकामा त्यस्तै परिणाम दिने गरेका छन् । यसर्थ मुलुकको राजनीतिक शक्तिको पूर्ण क्षयीकरण र विनाशको मुख्य कारक केपीवादको दासहरूको जमातले प्रारम्भ गरेको पंक्तिकारको निचोड छ । यसको अर्थ केपीवादी सोच र शैली मात्र खत्तम अरु सबै ठीक भनेको होइन । अरुसँग ठूलो आशा र भरोसा नै थिएन । नेकपा बनेको केपीको नेतृत्व र प्रचण्ड एक ठाउँ आएको राजनीतिक शक्तिले सत्तामा जनमुखी शासनको प्रारम्भ गर्ला, सुशासनका आधार निर्माण गर्ला भन्ने ठूलो विश्वास थियो । शेरबहादुर सक्षम र सफल भएकाले पाँच पटक प्रधानमन्त्री भएको भ्रममा नपरौँ । उनीसँग आशा र भरोसा नै राखिएको छैन । एउटा उदाहरण लिऊँ-हामी कति नेतृत्वको दृष्टिले अभागी र अक्षम छौँ भन्ने कुरा खोज्न इतिहास कोट्याउनै पर्दैन ।

२०७९ जेष्ठ २ गतेको लुम्बिनी मायादेवी मन्दिरमा भारतीय प्रधानमन्त्री मोदीको समकक्षमा बसेका नेपालका प्रधानमन्त्रीको सञ्चार क्षेत्रमा भाइरल भएको बसाइ चित्र र उनको मुखमुद्रा हेरे पुग्छ । महामानव बुद्धको जन्मभूमि र आध्यात्मिक केन्द्रमा समेत म कहाँ छु र के गर्न आएको हुँ ? लोकलाजका लागि पनि मैले के गर्नु पर्दछ ? भन्नेसम्मको भावशून्यताले देखाइरहेको छ । यसर्थ यी नेता र पात्रबारे बहस गर्नु, हुनु आवश्यक नै छैन । मेरो विचारमा यति असफल र अक्षम शेरबहादुरको नेतृत्वलाई मुलुकमा स्थापित गर्न, गराउन बाध्य पार्ने र हरेक राजनीतिक मोडलाई असफलतातिर लैजाने प्रमुख कारक केपी ओली नै हुन् । एमालेका अन्धभक्त आत्महीन, विश्लेषण क्षमताहीन तथा विवेकशून्य र विचार शून्य बाका हनुमानहरूको दृष्टिमा माकुने, झलनाथ, प्रचण्डहरू शेरबहादुरका खम्बा हुन सक्छन् तर मेरो स्पष्ट धारणा छ, यी सबैका कारक अहंवादी, घमण्डका कारखाना र देवत्वकरणका आकांक्षी महामानवको राक्षसीभाव राख्ने केपी ओली नै दुर्घटनाका मुख्य पात्र हुन् ।

केपीबाका पक्षधरले ध्यान दिनुपर्ने कुरा निम्न छन्, गिरीजाको अपमानले लुरुक्क निष्क्रिय हुने र बस्ने गणेशमान र कृष्णप्रसाद झैँ माकुने र झलनाथ भइदिएका भए, छेपारालेझैँ रूप बदल्न र अफ्नो कार्यलाई जुनसुकै परिवेशमा उल्टोसुल्टो व्याख्याबाट साबिती गर्न, गराउन अन्धभक्त निमार्ण गर्न सफल भएका पुष्पकमल प्रचण्ड नेपालको राजनीतिक पृष्ठभूमिमा नभएका भए, केपी ओली र विद्या भण्डारीले २०७७ सालमा नै संविधान २०७२ लाई सिद्धाइसकेका थिए ।

चार दशकदेखि एउटै भाँडामा खाने र एउटै घरमा बस्ने नेताहरूलाई सत्ता उन्मादमा कसरी लात्ताले हानिए, निकालिए र बिचल्लीमा पारिए, त्यो कुरा केपी शासनको निकृष्ट उदाहरणले साबित गरेको छ । समझदारी, समन्वय र सहकारी भावको विपक्षमा हुने विद्रोहमा जन्माएको प्रचण्ड, माकुने र झलनाथ तथा सुतेर बसेको शेरबहादुरको सिंहासनले सोचेर नै अपवित्र र अप्राकृतिक गठबन्धनलाई राजनीतिक रूप दिन, दिलाउनलाई कम्मर कसेर लागेको पाइन्छ ।

यी घटनाक्रम चुनौती पूर्ण होइनन् र छैनन् । शीर्षस्थ नेताहरू बागी उम्मेदवारको हारमा परिरहेका छन् । ठूला पार्टीहरूलाई टेक्ने र समाउने दुवै आधार नभएका स्वतन्त्र तथा परिचयविहीन पात्रहरूले आच्छुआच्छु पारिरहेछन् र कतिपय स्थानमा विजयमाला पहिरिएका छन् । स्थानीय चुनावमा के हुनुपर्थ्यो ? के भयो ? के भएमा मुलुकमा सुशासन होला ? राजनीतिक पार्टी र नेतृत्वको राजनीतिक भूमिका र विगतको समीक्षासाथ यस स्थानीय तहको चुनावमा जित्नेलाई सर्तसहित बधाइ र हार्ने समूहलाई सुदूर भविष्यको उज्यालो देखाउने उपायहरू अर्को लेखमा प्रस्तुत हुने छ । आजलाई यत्ति । *-साभार: इकागज*

# मोदीको लुम्बिनी भ्रमणले पर्ने प्रभाव



✍ विश्वनाथ खरेल

प्रधानमन्त्री शेरबहादुर देउवा तीनदिने औपचारिक भ्रमणका लागि गत चैत १८ गतेदेखि २० गतेसम्म छिमेकी देश भारत जानुभएको थियो । यसै सिलसिलामा छिमेकी देश भारतका समकक्षी नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो गर्नुभएको थियो । यसै क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चार वर्षपछि नेपालको औपचारिक भ्रमण गर्ने तय भयो । मूलत: मोदी बुद्धजयन्तीका दिन २ जेठमा एकदिने औपचारिक भ्रमणका क्रममा लुम्बिनी आएका छन् । वि.सं. २०७१ मा प्रधानमन्त्री भएपछि मोदीको यो पाँचौं भ्रमण हो भने दोस्रो पटक प्रधानमन्त्री भएपछि उनको यो पहिलो नेपाल भ्रमण हो । यसरी मोदी सीमावर्ती भारतीय सहरबाट लुम्बिनी आएका छन् ।

मोदीले गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा ६ घण्टा बिताएका छन् । त्यहीं प्रधानमन्त्री देउवा र मोदीबीच औपचारिक वार्ता भएको छ । देउवाको पछिल्लो भारत भ्रमणपछि दुई देशबीचको सम्बन्धबारे उनीहरूबीच छलफल भएको छ । मोदी कम्तीमा आधा दर्जनजति कार्यक्रममा सहभागी भएका छन् । यसका साथसाथै प्रधानमन्त्री भएपछि मोदीले दुई पटक नेपालको राजकीय र औपचारिक भ्रमण गरेका छन् भने सार्क र बिमस्टेकका शिखर सम्मेलनमा उनी दुई पटक नेपाल आएका छन् । मोदीले पछिल्लो पटक चार वर्षअघि २८ र २९ वैशाख ०७५ मा नेपाल भ्रमण गरेका थिए । त्यसबेला मोदीले जनकपुर, काठमाडौं र मुक्तिनाथ भ्रमण गरेका थिए । मोदीलाई काठमाडौं महानगरपालिका र जनकपुर उपमहानगरपालिकाले नागरिक अभिनन्दन गरेका थिए । मोदीलाई यसपटक लुम्बिनी सांस्कृतिक नगरपालिकाले पनि अभिनन्दन गर्नुका साथै मोदीलाई लुम्बिनी बौद्ध विश्वविद्यालयले मानार्थ महाविद्यावारिधिबाट सुशोभित गरेको छ । यसैगरी मोदी १४ र १५ भदौ २०७५ मा बिमस्टेकको चौथो शिखर सम्मेलनमा सहभागी हुन नेपाल आएका थिए । अत: मोदी त्यसअघि २०७१ मा ९ देखि ११ मंसिरसम्म सार्कको १८ औं शिखर सम्मेलनमा सहभागी हुन काठमाडौं आएका थिए । मोदीले प्रधानमन्त्री भएपछि पहिलो पटक २०७१ साउन १८ र १९ मा नेपाल भ्रमण गरेका थिए । त्यसबेला उनले संविधानसभालाई सम्बोधन गरेका थिए ।

चीन सरकारको सहयोगमा दुई महिनाअघि निर्माण सम्पन्न भएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान जेठ २ गते बुद्धजयन्तीका दिनदेखि आरम्भ भएको छ । उद्घाटन समारोहमा विभिन्न मित्रराष्ट्रबाट विशिष्ठ अतिथिहरूलाई पनि आमन्त्रण गरिएको थियो । यसरी नै आमन्त्रणलाई स्वीकार गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदी लुम्बिनी आएका छन् । नेपालका लागि भारतका प्रधानमन्त्रीको भ्रमणले विशेष महत्व राख्छ । त्यसैले नेपालमा विशेष चर्चा पनि हुन्छ । तर, यसपटक भने स्थानीय निर्वाचनका कारण मोदीको भ्रमणले नेपाली मिडियामा खासै स्थान पाउन सकेको छैन । विश्वशक्ति अमेरिका र दुवै छिमेकीले कुन तहको महत्व र सम्मान दिएका छन् भन्ने स्पष्ट सन्देश पछिल्लो डेढ महिनामा भएका तीनवटा महत्वपूर्ण घटनाक्रमले दिएका छन् । गत फागुन १५ गते एमसीसी अनुमोदन भएपछि अमेरिकी विदेशमन्त्रीले प्रधानमन्त्री देउवासँग टेलिफोन वार्ता गरेका थिए । घरेलु राजनीतिमा पनि गिजोलिएको र भूराजनीतिक हिसाबले समेत तरङ्गित बनेको एमसीसीलाई संसद्बाट सहज रूपमा पारित गराउनु देउवाको ठूलो कूटनीतिक सफलता थियो । त्यसलगत्तै चीनका विदेशमन्त्री तथा स्टेट काउन्सिलर वाङ यी तीनदिने नेपाल भ्रमणका लागि चैत ११ गते काठमाडौं आउनुभयो । यसरी उत्तरी छिमेकी चीनबाट उच्चस्तरीय नेपाल भ्रमण भएको झन्डै ५० दिन बित्न नपाउँदै प्रधानमन्त्री मोदी नेपाल भ्रमणमा आएका छन् ।

यसरी मोदीको नेपाल भ्रमण केही वर्षपछि भएको र यसलाई दुई देशबीचको सहयोगलाई महत्वपूर्ण रूपमा हेरिएको छ । यो भ्रमण धार्मिक, राजनीतिक र कूटनीतिक केन्द्रित भएको विश्वास गरिएको छ । भारतले नेपाली भूमि कालापानी लिपुलेक र लिम्पियाधुरा समेटेर राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेपछि नेपाल र भारत सम्बन्ध चिसिएको थियो । त्यस्तै, सीमा विवादको समस्या अझै पनि समाधान भएको छैन । भारतले जम्मु-कश्मीरलाई समेटेर २५ कात्तिक २०७६ सालमा नयाँ राजनीतिक र प्रशासनिक नक्सा जारी गर्दा नेपालको भूभाग पनि समेटिएपछि दुई देशको कूटनीतिक सम्बन्धमा तिक्तता आएको थियो ।

-बाँकी ३ पेजमा....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ ६ गते शुक्रबार २० अप्रिल २०२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पढाइमा प्रगति हुने | तुला | : काममा प्रगति हुनेछ |
| वृष | : विश्वासमा संकट आउने | वृश्चिक | : शत्रु पराजित हुने |
| मिथुन | : निर्माण कार्यमा प्रगति | धनु | : मानसम्मान बढ्ने |
| कर्कट | : सामाजिक काममा सफलता | मकर | : सम्मानित काम हुनेछ |
| सिंह | : सन्तानबाट खुशी मिल्ने | कुम्भ | : यात्राबाट लाभ हुनेछ |
| कन्या | : व्यापारमा केही हानि हुने | मीन | : दिन राम्रोसँग बित्नेछ |

# सुविधा कम हुँदा गणक पाउनै धौ-धौ

वीरगन्ज/पोखरा/विराटनगर/ स्थानीय तह सदस्य निर्वाचनको मतगणना ढिलो भएको भन्दै चौतर्फी आलोचना भइरहेको छ । मतगणना सुरु भएको ४ दिन बितिसक्दा मतदाता धेरै भएका र मुख्य पालिकाहरूमा खसेको एक चौथाइ मत पनि गणना भइसकेको छैन । तर, गणनामा कति संख्यामा गणक खटिएका छन् र उनीहरूले कुन सीमामा रहेर काम गरिरहेका छन् भन्ने धेरैलाई न जानकारी छ, न चासो नै ।



वीरगन्ज महानगरको गत शनिबार दिउँसो ३ बजेदेखि गणना सुरु भए पनि गणकहरू बिहान ९ बजे नै पिप्रास्थित श्रीनृसिंह माविमा रहेको गणनास्थल पुगेका थिए । पहिलो दिनको गणनामा सहभागी महानगरका केही कर्मचारी दोस्रो दिनदेखि गएनन् । 'एक त १४/१५ घण्टा खटिनुपर्ने, खाजा र पानीको समेत व्यवस्था थिएन । भत्ता कति, कहिले पाउने, त्यसको पनि ठेगान छैन,' एक कर्मचारीले भने, 'शौचालयको दुरवस्था देखेर पनि भित्र छिर्न मनले मानेन । अनि दोस्रो दिनदेखि गएनौं ।'

मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलका अनुसार विद्यालयका ६ वटा कोठामा मतगणना भइरहेको छ । एउटा कोठामा एक कार्यालय सहयोगीसहित ६ जना गणक खटिएका छन् । कोठा साँघुरो भएकाले प्रत्येक उम्मेदवारका एक/एक प्रतिनिधिलाई मात्र सहभागी गराइएको छ । 'दुई सिफ्टमा मतगणना भइरहेको छ,' पौडेलले भने, 'बिहान ७ देखि साँझ ७ बजेसम्म एउटा सिफ्ट र अर्को साँझ ७ देखि बिहान ७ बजेसम्मको सिफ्ट बनाइएको छ ।'

नास्ता र पानी निर्वाचन कार्यालयबाट प्राप्त हुने गणकको भत्ताबाटै समेट्ने गरी विद्यालयको क्यान्टिनबाटै उपलब्ध गराइएको उनले जानकारी दिए । बेलुकाको खाना गणकहरू आफ्नै घर गएर खाने गरेका छन् । त्यसमाथि लगातार १२ घण्टासम्म पलेटी कसेर बस्दा जीउ नै शिथिल बनेको एक गणकले अनुभव सुनाए । 'स्वस्तिक चिह्न अलिकति पनि तल-माथि, दायाँ-बायाँ भएको छ भने उम्मेदवारका प्रतिनिधि होहल्ला गरिहाल्छन्,' ती गणकले भने, 'बहुत पट्यारलाग्दो काम छ, त्यसमाथि जेठ महिनाको मधेसको गर्मी कोठाभित्र पंखा चले पनि चिटचिट पसिनाले पूरै शरीर नै भिजेको हुन्छ ।'

३२ वडा रहेको वीरगन्जमा ९३ हजार २ सय ३६ मत खसेको थियो । मंगलबार साँझ ६ बजेसम्म १७ हजार ९०९ मत गणना भएको छ । यो ५ वटा वडाको मत हो । महानगरमा प्रमुखसहितका पदहरूमा ८९० जना उम्मेदवार छन् । प्रमुखमा २३ जना स्वतन्त्र रूपमै चुनावी मैदानमा छन् । धेरै उम्मेदवार हुँदा मतपत्रको आकार ठूलो हुनु स्वाभाविक हो । त्यसमाथि निर्वाचन आयोगले उम्मेदवारी नदिएका स्थानमा समेत दलका चुनाव चिह्न राखेकाले मतपत्र ज्यादै ठूलो भएको, यसले मतदातालाई अन्योल सिर्जना गरेको र धेरै मत बदर भएको टिप्पणीसमेत भइरहेको छ । यस्तोमा प्रत्येक मतपत्र सबै उम्मेदवारका प्रतिनिधिलाई देखाउनुपर्ने भएकाले पनि गणनामा विलम्ब भएको ती गणकले बताए ।

कास्की जिल्ला अदालतकी कर्मचारी सरिता ढुंगाना मंगलबार पोखरा महानगरको मतगणनामा खटिइन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अधिकांश कर्मचारी अदालतकै भएकाले उनले कार्यालयको आग्रहलाई नाइँनास्ती गरिनन् । 'रातभरि निद्रा मासेर बस्नुपर्छ,' उनले भनिन्, 'त्यहीअनुसारको सुविधा भने छैन ।' पोखरा महानगरको मतगणना शनिबार अपराह्न ४ बजेबाट सुरु भएकोमा १५ घण्टामा १ हजार ८ सय मत गणना भयो । प्रमुख मतगणना अधिकारी, मतगणना अधिकारी, मतगणना सहायक, कम्प्युटर अपरेटर, गणक, सहयोगी र सुरक्षाकर्मीसहित ६ स्थानमा ८ जनाका दरले ४८ जना खटाउँदा उक्त संख्यामा मत गन्न सकिएको हो । त्यसमध्ये गणक मात्रै १२ जना छन् । स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८ ले २३ देखि ३० लहरसम्मको मतपत्र १ हजार ७ सय ५० थान गणना गर्नुलाई एक सत्र (सिफ्ट) मानेको छ । स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन कार्यविधि), २०७८ ले एक सिफ्टमा गणकलाई १ हजार ६ सय रुपैयाँ दिने व्यवस्था गरेको छ । १२ गणकले १ हजार ६ सय रुपैयाँ विभाजन गर्दा एक जनाको भागमा १ सय ३३ रुपैयाँ मात्रै पर्छ । 'कम्प्युटर अपरेटर र सहायक कर्मचारी गरी २ जना गणक तोकिएको छ, उनीहरूले १६ रुपैयाँ प्राप्त गर्छन्,' मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले, 'तर यहाँ गणनामा २ जनाले धान्न नसक्ने र धेरै गणक खटाउनुपर्दा उक्त रकम बाँड्नु परेको हो ।' कम सुविधा भएकैले अहिले गणक पाउनै गाह्रो भएको उनले गुनासो गरे । 'यही कुरा थाहा पाएपछि गणकका रूपमा कर्मचारी आउनै मान्दैनन्,' उनले भने, '१५ घण्टा खटिएर १ सय ३३ रुपैयाँ पाउनु भनेको साह्रै न्यून हो । निर्वाचन आयोगले खर्च घटाउने भनेको छ तर आयुक्तले एक दिनमा ७२ घण्टा हेलिकोप्टरमा घुमेको बिल बन्छ, चाहिने खर्चमा कन्जुस्याइँ गरिन्छ ।'

उनका अनुसार यसअघि स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ मा ८ घण्टाको एक सिफ्ट थियो । अहिले एक सिफ्ट पूरा गर्न सरदर १५ घण्टा लागिरहेको छ । कार्यालयले भने हाल बिहान ६ देखि साँझ ६ बजेसम्म र साँझ ६ देखि बिहान ६ बजेसम्म गरी दुई सिफ्ट बनाएको छ ।

जिल्ला अदालत, उच्च अदालत, जिल्ला प्रशासन, लोक सेवा आयोगलगायत कार्यालयबाट गणकका रूपमा कर्मचारी ल्याइएका छन् । पोखरामा मतगणनामा ढिलाइ भएको गुनासो बढेपछि आइतबार दिउँसोबाट ४ कोठामा ६ घेरा र २ कोठामा २ घेरा गरी १० घेरामा मतगणना भइरहेको छ । हाल एक सिफ्टमा गणकसहित ५० कर्मचारी खटिने गरेका छन् । गणकलाई गणनास्थलमै खाजा पुर्‍याइन्छ भने निर्वाचन अधिकृतको कार्यालयनजिकै रहेको जिल्ला अदालतको क्यान्टिनमा खानाको व्यवस्था गरिएको छ । गणकहरूले दलका प्रतिनिधिको खप्की खानुपरेको गुनासो गरे । गणनास्थलमा खटिने दलका प्रतिनिधिले गणकलाई धम्की दिने गरेको कार्यालयका अनुगमन अधिकृत नीलप्रसाद पनेरुले बताए । 'आफूलाई चित्त बुझेन भने गणनाबाट बाहिर निस्किएपछि कुटपिट गर्नेसम्मको धम्की आउँछ,' उनले भने, 'म स्वयंले यस्तो धम्की बेहोरें ।' एक रात खटिएका गणक ३ दिनसम्म आउन नसक्ने भएकाले गणककै अभाव हुने उनले सुनाए ।

विराटनगर महानगरमा पनि मतगणना गर्न कर्मचारीको अभाव भएको छ । लगातार २ रात गणनामा बसेका कर्मचारी बिरामी पर्ने अवस्था भएपछि उनीहरू अर्को दिन गणनाम आउनै छाडेका छन् । उनीहरूको ठाउँमा अरू कर्मचारी खोज्नुपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकृत हेमबहादुर बुढाथोकीका अनुसार महानगरको मतगणना ९ स्थानमा भइरहेको छ । त्यसका लागि एक सिट्मा गणक र कर्मचारी गरेर कम्तीमा ४५ जना चाहिन्छ । सिफ्ट सकिँदा त्यतिनै जनशक्ति तयार राख्न सकस हुँदै गएको छ । 'दुई रात लगातार बस्दा ज्वरो नै आयो' । गणना पनि झन्झटिलो छ,' एक गणकले भने, 'सेवासुविधा पनि खासै नभएपछि गणनामा जान मन लागेन ।'

गणनामा खटिने सहायक स्तरका कर्मचारीले सिफ्टको १ हजार २ सय, खरिदार/नासु तहकाले १ हजार ६ सय र अधिकृत स्तरकाले २ हजार रुपैयाँ भत्ता पाउँछन् । उनीहरूका लागि खाना, नास्ता र चियाको व्यवस्था निर्वाचन अधिकृतको कार्यालयले गरेको छ । यसअघि विराटनगरमा ५ सय मत गन्दा एक सिफ्ट मानिन्थ्यो । अहिले १ हजार २ सय ५० मत गन्दा एक सिफ्ट मान्ने गरिएको छ । त्यसैले पनि कर्मचारी गणनाका लागि आकर्षित नहुँदा समस्या भएको हो ।

केही गणक खाना खान हिँडेपछि फर्केर नआउँदा गणना नै रोकिने गरेको छ । कर्मचारीकै समस्या भएपछि प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल र प्रमुख निर्वाचन अधिकृत भरत लम्सालको समन्वयमा जेनतेन कर्मचारीको व्यवस्थापन भइरहेको छ ।

विराटनगरमा १ लाख ३३ हजार १ सय ४२ मतदातामध्ये ८९ हजार ६ सय ७८ मत खसेकोमा मंगलबार साँझसम्म ३१ हजार ४ सय ५ मत मात्रै गणना भएको छ ।

# मोदीको लुम्बिनी...

यी विभिन्न विवादहरू भएको भारतलाई राम्रोसँग थाहा छ । उक्त भूमि समेटेर २०१९ नोभेम्बरमा मात्रै आफ्नो राजनीतिक नक्सा जारी गरेको थियो । त्योभन्दा पहिला बेवारिसे थियो । तर, भारतीय सेनाले सन् १९६२ को भारत-चीन युद्धपछि कब्जा गरेर बसेको यथार्थ हो ।

उक्त भूमि नेपालको भूभाग हो, संविधानसभाले नेपालीको संविधान तयार पार्दा लेख्न छुटाएको भूभागलाई सन्दर्भकृत गरी संविधान संशोधनमार्फत नक्सा जारी गर्दा जसरी सिङ्गो संसद् र देश जुरुक्क एकसाथ उठेका थिए, विडम्बना आज उक्त भूमि नक्सामै सीमित छ ।

भारत विश्वको सबैभन्दा ठूलो लोकतान्त्रिक देश एकातिर हो भने अर्कातिर अर्थतन्त्रको हिसाबले विश्वको चौथो देशका रूपमा रहेको छ । यसै सिलसिलामा भारतीय प्रधानमन्त्री मोदीले विद्युत् व्यापारको विषयलाई जोड दिने काम नेपालका लागि शुभसंकेतका रूपमा लिन सकिन्छ, जसले गर्दा नेपालमा उत्पादित विद्युत्ले भारतीय बजार पाउन सक्ने भएको छ । अब देशको आर्थिक तथा सामाजिक विकासले नयाँ मार्ग प्रशस्त गर्ने आधार सिर्जना गरेको छ । सबैभन्दा मूल विषय त ती सबै कार्यले नेपालको राष्ट्रिय हितलाई सर्वोपरि महत्व दिएको छ । यसका साथसाथै भारतीय लगानीकर्तालाई नेपालमा लगानीको निम्ति आग्रह पनि गरिएको छ । यता भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले महाकाली पञ्चेश्वर बहुउद्देश्यीय आयोजना दुवै देशका लागि गेम चेन्जर भएको महसुस गरेका छन् ।

नेपाल र भारतबीचको सीमा क्षेत्रमा ९८ प्रतिशत ठाउँका वैज्ञानिक प्रविधिमार्फत सीमांकन भई सीमास्तम्भ गाड्ने काम भइसकेको छ । नदीको कटानका कारण उत्पन्न समस्या र नयाँ नक्साले सिर्जित विषयलाई पनि ऐतिहासिक प्रमाण तथ्यको आधारमा समाधान गर्न सकिन्छ । तर, यसलाई सडक र सदनको विषय बनाइनु हुँदैन । यसबाहेक पनि दुई पक्षीय हितसित सम्बन्धित विभिन्न विषयमा छलफल र सहमति हुन सक्ने सम्भावना रहेको छ । यसर्थ प्रधानमन्त्री मोदीको यस लुम्बिनी भ्रमणले हाम्रो द्विपक्षीय सम्बन्धलाई बलियो बनाउने अपेक्षा गर्न सकिन्छ । समग्रमा भन्नुपर्दा मोदी प्रधानमन्त्रीका रूपमा पाँचौं पटक नेपाल भ्रमणमा आएका हुन् । उनी बुद्धजयन्तीको अवसरमा लुम्बिनी आएका हुन् । लुम्बिनीमा आयोजित विशेष समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवासँगै भारतीय प्रधानमन्त्री मोदी पनि सहभागी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । मूलत: नेपालको असल छिमेकी देश भारत आदिमकालदेखि राजनीतिक, कूटनीतिक सम्बन्ध मात्रै होइन, धार्मिक, सांस्कृतिक र रोटीबेटीको समेत रोजगारी र व्यापारको प्रमुख गन्तव्यको अर्को संसार भन्दा विशेष सम्बन्ध भएको मुलुक हो भारत ।

पारस्परिक एकता, भाइचारा, मित्रवत् सम्बन्ध, अन्तर्राष्ट्रिय सम्बन्धलाई समेत मध्यनजर गर्दै उदीयमान आर्थिक व्यापारिक ठूलो साझेदारी मुलुक पनि हो भारत । त्यसपछि हाम्रो देशले ७ जेठ २०७७ सालमा लिम्पियाधुरासहितको नयाँ नक्सा जारी गरेपछि दुई देशबीचको संवादहीनताको अवस्थासम्म पुगेको थियो । सोही नक्सा जारीपछिको तिक्तता अझै पनि बाँकी रहेकाले अब देउवाले भारतीय प्रधानमन्त्री मोदीसँग छलफल भएको थियो ।

त्यसरी नै लामो अन्तरालपछि नेपाल र भारतबीच बेलाबेलामा हुने उच्चस्तरको औपचारिक भ्रमणले नेपाल-भारतबीचको सम्बन्ध अझ सुदृढ र न्यानो हुने अपेक्षा गरिएको छ । यो भ्रमणको एजेन्डा र अपेक्षित उपलब्धिबारे यतिबेला कूटनीतिक र राजनीतिक वृत्तमा विभिन्न कोणबाट अनुमान तथा विश्लेषण भइरहेको छ ।

यसरी नेपालले आठवटा आयोजनाबाट उत्पादित बिजुली खरिद गर्न भारतलाई प्रस्ताव गरे तापनि भारतले आफ्नो लगानी रहेको त्रिशूली र देवीघाट आयोजनाबाट उत्पादित बिजुलीमात्र किन्ने गरेको छ । यसरी केही महिना अगाडि नेपालले आफ्नो देशमा उत्पादित थप ३ सय २५ मेगावाट बिजुली भारत निर्यात गर्ने स्वीकृति पाएको छ ।

यससँगै नेपालको ३ सय ६४ मेगावाट बिजुली भारत निर्यात हुने भएको छ । नेपालको भारतसँगको व्यापारघाटा चुलिँदो छ । नेपालको बजार घरेलु उत्पादनभन्दा आयातमा क्रमिक रूपमा निर्भर बन्दै गएको छ । रोजगारीका अवसर बढ्ने अवस्था छैन । राजनीतिक अस्थिरता र राजनीतिमा 'व्यको चलखेल तथा नेतृत्वको' व्यमोहका कारण लगानीका लागि पुँजी आउनुको साटो बहिर्गमन भइरहेको छ । -साभार: कारोबार

# 'पुष्पा २' ४ सय करोडमा बन्ने



साउथ सुपरस्टार अल्लू अर्जुन र रश्मिका मन्दाना अभिनीत फिल्म 'पुष्पा : द राइज'ले भारतीय बक्सअफिसमा आँधी नै ल्यायो ।

हिन्दी भर्सनमा मात्र १ सय ६ करोडभन्दा माथिको व्यापार गरेको फिल्मको संवादहरु समेत निकै चर्चित भए । अब यो फिल्मको दोस्रो पार्ट निर्माणको तयारीमा छ । सिक्वेललाई निर्माण टिमले अघिल्लो पार्टभन्दा ठूलो बजेटमा निर्माण गर्ने निर्णय गरेको छ । 'पुष्पा २' ४ सय करोडको लगानीमा निर्माण हुन लागेको भारतीय मिडियाले उल्लेख गरेका छन् । यसको अघिल्लो पार्ट १ सय ९५ करोडमा निर्माण भएको थियो ।

अघिल्लो पार्टको सफलतापछि निर्माण टिमले दोस्रो पार्टलाई अझ भव्य बनाउन करोडौं खर्च गर्न लागेको हो ।

सुकुमारको निर्देशनमा बन्ने 'पुष्पा : द रूल'को केही महिनादेखि तीव्र गतिमा स्क्रिप्ट लेखनको काम भइरहेको छ । २०२३ को जनवरीबाट छायांकन सुरु हुने फिल्मको दोस्रो पार्टको प्राय: सिनको छायांकन पहिलो पार्ट खिचिएको ईस्ट गोदावरीको मारेदुमिली जंगलमै हुनेछ ।

सुकुमार छायांकनअघि चार महिना पोस्ट-प्रोडक्सनमा समय दिने योजनामा छन् । रिलिजको समय सीमाका कारण अघिल्लो पार्टको पोस्ट-प्रोडक्सन हतारमा भएको थियो । यसपटक सुकुमार यो गल्ती दोहोऱ्याउने पक्षमा छैनन् ।

-साभार: फिल्मीखबर

# गाउँपालिका अध्यक्ष जिते २१ वर्षका वशिष्ठकुमारले

काठमाडौं/पर्साको कालिकामाई गाउँपालिकाको अध्यक्षमा २१ वर्षीय वशिष्ठकुमार कलवाल निर्वाचित भएका छन् ।



बिबिएको अध्ययन सकेर एमबिएको तयारीमा रहेका कलवालले गाउँपालिका अध्यक्ष जितेका हुन् ।

अन्तिम मतपरिणाम अनुसार वशिष्ठकुमारले ३ हजार ७ सय ४३ मत ल्याएका छन् ।

कलवालले नेपाली कांग्रेसका अजयकुमारलाई पराजित गरेका हुन् । अजय कुमारले ३ हजार ६ सय २६ मत ल्याएका छन् ।

वशिष्ठकुमार जसपा पर्साका नेता दिनेशकुमार कलवालका भतिजा हुन् ।

'दिनेशजीले मेरो भतिजो युवा छ । पार्टीमा क्रियाशील छ । उसैलाई उठाउने हो भने जित्छ भन्नुभयो । उहाँकै आग्रहमा टिकट दिएको हो,' जसपा सांसद प्रदीप यादवले भने, '२१ वर्ष २ महिना मात्रै पुगेका युवाले चुनाव जितेका छन् । यसले हामीलाई उत्साही बनाएको छ ।' २०७४ मा यो पालिकामा नेपाली जनता दलका नाथुनीप्रसादले अध्यक्ष जितेको थिए । तत्कालिन संघीय समाजवादी फोरम(अहिलेको जसपा)ले उपाध्यक्ष जितेको थियो ।

अध्यक्ष नाथुनीप्रसादको कोरोनाका कारण निधन भएको थियो । यसअघि सर्लाहीको रामनगरमा माओवादी केन्द्रका २२ वर्षीय राजाबाबु यादवले गाउँपालिका अध्यक्ष जितेका थिए । -साभार: सेतोपाटी

# बालेनहरु चम्किंदा "वैकल्पिक" पार्टीको बिजोग

काठमाडौं/काठमाडौं महानगरपालिकाको मतगणनामा मेयरका स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) साहले अग्रता लिइरहेका मात्र छैनन्, नेकपा एमाले र नेपाली कांग्रेसका उम्मेदवारले पाएको कुल मत भन्दा बढी उनी एक्लैले ल्याएका छन् ।

यो समाचार तयार पार्दासम्म बालेनले १७ हजार ६४३ मत पाएका छन् भने एमालेका केशव स्थापितले ९ हजार ११० र कांग्रेसकी सिर्जना सिंहले ८ हजार १६७ मत पाएकी छिन् ।

सुरुवाती अग्रता लिएका बालेनले दुई बलिया पार्टीका उम्मेदवारलाई नजिक आउने अवसर समेत दिएका छैनन् । केही महिना अघिसम्म राजनीतिमा नामै नसुनिएका बालेनले काठमाडौंका मतदाताको मन जित्दा वैकल्पिक राजनीतिको नारा दिएको विवेकशील साझा पार्टीका उम्मेदवारको अवस्था भने दयनीय छ ।

काठमाडौं महानगरको मेयरकी उम्मेदवार समीक्षा बास्कोटाले जम्मा १३३ मात्रै मत प्राप्त गरेकी छिन् । जबकि २०७४ को स्थानीय चुनावमा तत्कालीन विवेकशील नेपाली दल र साझा पार्टीका उम्मेदवारले प्रमुख दलका उम्मेदवारहरुलाई कडा चुनौती दिएका थिए । विवेकशीलकी रञ्जु दर्शनाले उतिबेला २३ हजार ४३९ मत ल्याएकी थिइन् भने साझा पार्टीबाट उठेका किशोर थापाले पनि १८ हजार ४९६ मत प्राप्त गरेका थिए ।

त्यही मतबाट हौसिएर पार्टी एकता गरेका विवेकशील र साझा मिलेर बनेको विवेकशील साझाले यसपटक नगन्य मत पाएको छ । काठमाडौं मात्र होइन, ठूला शहरहरुमा विवेकशील साझाका उम्मेदवारहरुले पाएको मत यस्तै छ । अहिलेसम्म बाराको फेटा गाउँपालिकामा एउटा वडाध्यक्ष जितेको छ भने त्यही पालिकामा दुईवटा वडा गन्न बाँकी छँदासम्म अध्यक्षका उम्मेदवार रुस्तम अन्सारीले अग्रता लिएका छन् ।

अन्यत्र अवस्था दयनीय छ । जबकि विवेकशील साझा छाडेर धनगढी उपमहानगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएका गोपाल (गोपी) हमालले पनि कांग्रेस र एमालेका उम्मेदवारलाई फराकिलो मत अन्तरले पछाडि छाडेका छन् भने धरान उपमहानगरमा स्वतन्त्र उम्मेदवार हर्कराज राईले अग्रता लिएका छन् ।

**किन खुम्चिए 'वैकल्पिक'दल ?**

चुनावी नतिजा अपेक्षाअनुसार नआएको स्वीकार गरेको विवेकशील साझाले 'निरन्तर समय दिनसक्ने जनशक्ति र आर्थिक स्रोतको अभाव'का कारण यस्तो भएको बताएको छ ।

'गत पाँच वर्षमा हामीले स्थानीय, संघीय, उप र पुन: स्थानीय चुनावमा प्रतिस्पर्धा गरिसकेका छौं' प्रवक्ता शरदराज पाठकले २ जेठमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'त्यसबाट हामीले देशभरि पार्टीको परिचय स्थापना गर्न सफल भयौं ।

तर मूलत: निरन्तर समय दिन सक्ने जनशक्ति र आर्थिक स्रोतको अभावमा देशव्यापी संगठन बनाउन सकेनौं, जुन स्थानीय निर्वाचनमा राजनीतिक दलका लागि अत्यावश्यक थियो ।' पार्टीमा आएको टुटफुटलाई पनि जनताले मन नपराएका कारण मत नआएको उसको जिकिर छ । टुटफुटले पार्टीमा उथलपुथल ल्याएको भन्दै विज्ञप्तिमा भनिएको छ, 'हाम्रो जस्तो आशा गरिएको पार्टीभित्रको त्यो उतारचढावलाई मतदाताले मन नपराएको प्रस्ट देखियो । हामी त्यसमा क्षमाप्रार्थी छौं ।'

राजनीतिक विश्लेषक श्याम श्रेष्ठ भने विवेकशील साझाले भनेको विषय मुख्य नभई सहायक मान्छन् । टुटफुटले पनि जनताको विश्वास गुमाएको भन्दै उनले भने, 'उनीहरुप्रति आकर्षण नहुनुको एउटा कारण पुराना पार्टीहरुभन्दा उनीहरु नयाँ भएर निस्किएनन् । विचार, कार्यक्रम र व्यवहारमा कुनै पनि नयाँपन भएन ।'

अर्को विवेकशील साझाले पछिल्लो समय लिएको वैचारिक रुझान भएको उनी बताउँछन् । 'राजावादी लाइन लिएपछि त्यो पार्टी अरुभन्दा नयाँ भएन' श्रेष्ठले भनेका छन्, 'त्यसले गर्दा जनताले उसलाई यसपटकको चुनावमा तिरस्कार गरेको जस्तो देखिन्छ ।' विवेकशील साझाको संस्थापन पक्षको पक्षको कारबाहीमा परेका नेता केशव दाहाल पार्टीले लिएको वैचारिक धारकै कारण जनताले नरुचाएको बताउँछन् । -अनलाईनखबरबाट

# पोखरामा समाजवादीको मत बढ्यो, एमालेमा द्वन्द्व !

पोखरा/गण्डकीको एकमात्र र भूगोलको आधारमा देशकै ठूलो पोखरा महानगरपालिकाको मतपरिणाम सुरुदेखि नै एमालेलाई सुखद छैन । ०७४ को स्थानीय तह निर्वाचनमा एमालेका मानबहादुर जिसीले झन्डै १४ हजार मतान्तरले कांग्रेस माओवादी गठबन्धनका उमेदवारलाई पराजित गरेका थिए ।

तर, अहिले नेकपा एकीकृत समाजवादीका धनराज आचार्य सुरुदेखि नै एमाले उमेदवार कृष्ण बहादुर थापाभन्दा अगाडि छन् । मतान्तर बढिरहेको छ । वडाको परिणाम पनि एमालेको पक्षमा छैन । सातवटा वडाको परिणाम सार्वजनिक हुँदा एमालेले अघिल्लोपटक जितेका वडा गुमाएको छ । गढ मानिएका वडाबाटै अपेक्षित मत एमालेले पाएको छैन भने मेयरमा पनि समाजवादीले नै अग्रता लिएको छ । यही परिणामले गर्दा एमालेजनमा निराशा छाएको छ भने, कास्कीमा एमालेभित्रको द्वन्द्व पनि निकै पुगेको छ । एमाले कास्कीले विज्ञप्ति जारी गरेको छ भने सांसद राजीव पहारीले पनि बुधबार विज्ञप्ति जारी गरेका छन् ।

गत सोमबार मात्रै पोखरामा दुइवटा अडियो भाइरल भए । ती अडियो अरु कसैको नभई एमालेकै कार्यकर्ताको थियो । उक्त अडियोमा प्रष्टैसँग एमाले सांसद राजीव पहारीसँग निकट रहेका मनोज पहारी र धनराज आचार्यका भतिज प्रशान्त आचार्यको थियो । अर्को अडियो चाहिँ एमालेको युवा संघका नेता महेश अर्याल र कांग्रेस नेता दीपक मल्लबीच थियो ।

अर्याल पोखरा महानगर वडा नं. ३३ को एमाले कमिटीका उपाध्यक्षसमेत हुन । यी अडियो भाइरल चाहिँ एमाले उमेदवार कृष्ण थापा पक्षधर नेता कार्यकर्ताले फैलाएका हुन् । अडियो भाइरल हुनुपूर्व निर्वाचनको सुरुवाती प्रक्रियामा एमालेबाट दीपक पौडेलले पोखरा महानगरको टिकट पाएका थिए । तर, उनले टिकट पाएको २४ घण्टामै मनोनयन दर्ता हुने बिहान उनको टिकट खोसियो र बहालवाला प्रदेश सांसद कृष्ण थापा राजीनामा दिएर उमेदवारी दर्ता गराए । पौडेलले टिकट पाएकै दिनदेखि पोखरामा औंठी चोरेको भन्दै एउटा सीसीटीभी फुटेज सार्वजनिक भयो । एमालेकै कार्यकर्ताहरुले त्यसलाई सेयर गर्दै आलोचना र विरोध गरे ।

वर्षौं पहिलेको उक्त फुटेज पौडेलको हो वा होइन, अनुसन्धानपछि नै खुल्ला तर, उक्त फुटेजले पौडेलको टिकट भने खोसियो । सांसद थापा पनि मेयरको लाइनमा रहँदै गर्दा गण्डकीमा कुनै पनि समयमा सरकार बन्न सक्ने भन्दै सांसदलाई उमेदवार नबनाउने सचिवालय बैठकपछिको निर्णय सुनाउँदै पृथ्वीसुब्बा गुरुङले उनको च्याप्टर क्लोज गरिदिए । -साभार: बाह्रखरी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि
पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
३ महिना पूरा भएपछि बुस्टर खोप
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।
खोप कार्ड
कोभिड-१९ सङ्क्रमण भएकाहरुले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।
बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।
खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ
बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

# कम्युनिष्टको गढ भत्काउँदै कांग्रेसले जित्यो बहुमत पालिका

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/०४६ पछिको बहुदल स्थापनापछि मकवापुरको अधिकांश क्षेत्रमा बिजयी रहँदै कम्युनिष्टको गढ बनाउन सफल नेकपा एमाले २०७९ को स्थानीय निर्वाचनमा पछारिएको छ ।

२० वर्षपछि गत २०७४ मा भएको स्थानीय तह निर्वाचनमा पनि एमालेले मकवानपुरको बहुमत पालिका जितेको थियो । तर, २०७९ को निर्वाचनमा भने एमाले दुई वटा गाउँपालिकामा खुम्चिने स्थितिमा पुगेको छ । हालसम्म इन्द्रसरोबर र भीमफेदी गाउँपालिकाको नेतृत्वमा एमाले बिजयी भएको छ ।

जसमध्ये इन्द्रसरोबरको अध्यक्षमा डिके पुडासैनी र उपाध्यक्षमा उमाकुमारी लामा एमालेबाट विजयी भएका छन् । भीमफेदीको अध्यक्षमा मात्रै एमालेबाट हिदम लामा विजयी भए । उपाध्यक्षमा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका सञ्जीव श्रेष्ठ निर्वाचित भए । भीमफेदीमा गत निर्वाचनमा अध्यक्ष र उपाध्यक्ष नै एमालेले जितेको थियो ।

गत निर्वाचनमा एमालेले जिल्लाको बहुमत पालिका अर्थात् ६ वटा स्थानीय तह हेटौंडा, भीमफेदी, मकवानपुरगढी, कैलाश, इन्द्रसरोबर र मनहरीमा विजय हात पारेको थियो । जसमा भर्खरै भएको निर्वाचनमा मनहरी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, कैलाश गाउँपालिका कांग्रेसले फुत्काइसकेको छ । कांग्रेसले गत निर्वाचनमा राक्सिराङ र बकैया गाउँपालिका मात्रै जितेको थियो । मकवानपुरका कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) जनता समाजवादी पार्टी




(जसपा) र राष्ट्रिय जनमोर्चासँग गठबन्धन गरेर निर्वाचनमा होमिएका थिए ।

कांग्रेसले मकवानपुरका १० वटा स्थानीय तहमध्ये ५ वटामा गरेर बहुमत पालिका जितिसकेको हो । मकवानपुरगढी, बकैया, राक्सिराङ, कैलाश र मनहरी गाउँपालिकामा कांग्रेसका उम्मेदवार विजयी भएका हुन् । निर्वाचन कार्यालयका अनुसार गठबन्धनबाट नेपाली कांग्रेसले ५ गाउँपालिका र माओवादीले १ नगर पालिकामा जीत हासिल गरेको हो । कांग्रेसले १ उपमेयर र माओवादीले ५ उपाध्यक्ष जीत हासिल गरेको छ ।

मकवानपुरगढी, मनहरी एमालेको गढ मानिन्थ्यो । तर, हालै सम्पन्न निर्वाचनमा मकवानपुरगढीको अध्यक्षमा कांग्रेसका दोर्जे लामा स्याङ्तान अध्यक्ष र उपाध्यक्षमा माओवादी केन्द्रकी मानकुमारी पाख्रिन विजयी भए । मनहरीको अध्यक्षमा कांग्रेसका रञ्जन कालाखेती र उपाध्यक्षमा माओवादीकी सीता पुलामी मगर बिजयी भए । राक्सिराङ र बकैयामा कांग्रेस आफ्नो सफलता दोहोर्‍याउन सफल भएको छ ।

कांग्रेसबाट राक्सिराङको अध्यक्षमा राजकुमार मल्ल र बकैयाको अध्यक्षमा धर्मराज लामिछानेले विजयी भए । माओवादीबाट राक्सिराङको उपाध्यक्षमा वनस्तम थिङ र भक्तबहादुर खत्री निर्वाचन भएका छन् ।

कैलाश गाउँपालिकामा कांग्रेसबाट अध्यक्ष उम्मेदवार लोक मोक्तान निर्वाचित भए । उपाध्यक्षमा माओवादीका बालकुमार मल्ल विजयी भए । मकवानपुरमा माओवादी केन्द्रले गत निर्वाचनमा थाहा नगरपालिका र बागमती गाउँपालिमा जितेको थियो । जसमध्ये थाहा नगरपालिकामा माओवादीका विष्णु विष्ट मेयरमा विजयी भएका छन् । उपमेयरमा कांग्रेसका भरत गोपाली निर्वाचित भए । समाचार तयार पर्दासम्म बागमती गाउँपालिकाको अध्यक्षमा माओवादीबाट सर्केश घलान र उपाध्यक्षमा कांग्रेसका फणिन्द्र तिमल्सिनाको अग्रता कायम छ । एमालेबाट अध्यक्षमा खेमराज जर्घा मगर र उपाध्यक्षमा धनमाया स्याङतानले पछ्याइरहेका छन् ।

हेटौंडा उपमहानगरपालिकामा पनि गठबन्धनका मेयर र उपमेयर उम्मेदवार अगाडि छन् । मेयरकी उम्मेदवार नेकपा (एकीकृत समाजवादी)की मिनाकुमारी लामा र उपमेयरका उम्मेदवार कांग्रेसका राजेश बानियाँ अग्रता कायम राख्न सफल भएका छन् । लामालाई राप्रपाका दीपक सिंहले र उनलाई एमालेका अनन्त पौडेलले पछ्याइरहेका छन् । उपमेयरमा बानियाँलाई एमालेकी उपमेयर उम्मेदवार सुमित्रा काफ्लेले पछ्याइरहेकी छन् ।

## गणेश थापालाई फिफाको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/अखिल नेपाल फुटबल संघ (एन्फा)को अध्यक्ष हुँदा आर्थिक अपचलन गरेको आरोपमा १० वर्ष फिफाबाट निलम्बनमा परेका गणेश थापालाई चेतावनी दिइएको छ ।

कमल थापाका भाइसमेत रहेका हेटौंडाका थापालाई विश्व फुटबलको सर्वोच्च निकाय फिफाले फुटबल सम्बन्धी कुनैपनि गतिविधिमा संलग्न नहुन चेतावनी दिएको हो । फिफाले एन्फा अध्यक्ष हुँदा भ्रष्टाचार गरेको आरोपमा सबैखाले फुटबल गतिविधिबाट १० वर्षका लागि प्रतिबन्ध गरेको थियो । बुधवार अध्यक्ष थापामाथिको प्रतिबन्धको स्मरण गराउँदै फिफाका प्रमुख सदस्य संघका अधिकृत केनी जिन मारी र एएफसीका उपमहासचिव वाहिद कर्दनीले एन्फा महासचिव इन्द्रमान तुलाधरलाई पत्र लेखेका छन् ।

यसअघि फिफाको सन् २०१५ मा नैतिक कमिटीको न्यायिक चेम्बरले थापालाई उपहार तथा अन्य सुविधा दिने, लिने र घुस खोरी र भ्रष्टाचार गरेका भन्दै प्रतिबन्ध लगाएको थियो । एन्फालाई फिफाको निर्णय उल्लंघन गरेमा थप कारबाहीका लागि फिफा अनुशासन समितिमा रिपोर्ट गर्न पत्रमा भनिएको छ ।

'विवादित प्रतिबन्ध रहेसम्म फिफा एन्फा र यस सम्बन्धित सदस्यहरुले गणेश थापालाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय कुनैपनि प्रकारको (व्यवस्थापकीय, खेल वा अन्य) फुटबल गतिविधिमा संलग्न हुन नदिने अपेक्षा गर्दछ,' फिफाले लेखेको पत्रमा उल्लेख गरिएको छ ।

# थप ३ वटा पालिकामा गठबन्धन विजयी

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ मकवानपुरको थप ३ वटा स्थानीय तहमा सत्तारुढ गठबन्धन विजयी भएको छ ।

जिल्लाको थाहा नगरपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकामा गठबन्धनले जीत हात पारेको हो । मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकामा नेकपा एमालेको उम्मेदवारलाई पराजित गर्दै गठबन्धन विजयी भएको छ ।

थाहाको मेयरमा माओवादी केन्द्रको विष्णु विष्ट र उपमेयरमा कांग्रेसका भरत गोपाली विजयी भएका हुन् । अघिल्लो स्थानीय तहको निर्वाचनमा पनि थाहामा सत्तारुढ गठबन्धन नै विजयी भएको थियो ।

कुल २३ हजार ५६ मत खसेकोमा मेयरमा विष्णु विष्टले ९७१९ मत प्राप्त गरी विजयी भए । मेयरमा एमालेका उम्मेदवार अच्युतम ढकालले ७ हजार ७७१ मत प्राप्त गरे । उपमेयरमा कांग्रेसका भरत गोपालीले ८ हजार ६०७ मत प्राप्त गरे । उपमेयरमा एमालेकी कल्पना बलामीले ८ हजार ५२२ मत प्राप्त गरिन् । थाहामा माओवादीले ६ वटा, कांग्रेस र एमालेले ३/३ वडामा विजयी भएका छन् । यस्तैगरि बकैया गाउँपालिका अध्यक्षमा गठबन्धनबाट नेपाली कांगेसका धर्मराज लामिछाने ११ हजार २९२ मत सहित विजयी


मनहरी अध्यक्ष रञ्जन कालाखेती


मनहरी उपाध्यक्ष सीता पुलामी

भएका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेकी सरला बोलखेले ७ हजार ६६ मत ल्याइन् । यसैगरि, अध्यक्षमा राप्रपाका रामप्रसाद दाहालले ३६९ मत, नेकपा एकिकृत समाजबादीका नारायणप्रसाद तिमल्सिनाले १३२ मत, जनता समाजवादी पार्टी, नेपालका मानबहादुर माझीले १२४ मत र नेकपा मालेका कुमारबहादुर संजेलले २६ मत ल्याए ।

यसैगरि, उपाध्यक्षमा गठबन्धनबाट नेकपा माओवादीका भक्त बहादुर खत्री ९ हजार ५२२ मत सहित विजयी भएका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेका लाल बहादुर स्याङ्तानले ७ हजार ६५२ मत ल्याए । यसैगरि, उपाध्यक्षमा राप्रपाकी सावित्री राईले ४६४, जनता समाजवादी पार्टी, नेपालकी मिरा वाईवाले ८० र नेकपा एकीकृत समाजबादीकी उर्मिला राईले ६५ मत ल्याईन् । मनहरी गाउँपालिकामा पनि गठबन्धनको उम्मेदवार विजयी भएका छन् । मनहरीमा नेपाली कांग्रेसका उम्मेदवार रञ्जन कालाखेतीले अध्यक्षमा विजयी भएका छन् ।

उपाध्यक्षमा माओवादी केन्द्रकी सीता पुलामी मगर विजयी भइन् । निर्वाचन अधिकृतको कार्यालयले आधिकारी घोषणा भने गरेको छैन । गठबन्धनको जीतसँगै नेकपा एमाले पश्चिम मकवानपुरमा पूर्णरुपमा 'क्लिनस्विप' भएको छ ।

०७४ को स्थानीय तह निर्वाचनमा मनहरीमा प्रमुख, उपप्रमुखसहित वडामा आफ्नो वर्चश्व कायम गरेको एमाले यसवर्ष उपस्थितिविहीन भएको हो । एमालेले मनहरीमा कुनैपनि वडामा बाजी मार्न सकेन । मनहरी यस स्थानीय तहको निर्वाचनमा कांग्रेसले ६ र एमालेले ३ वटा वडामा बिजयी भएको छ ।

# मकवानपुरगढीमा निर्वाचित जनप्रतिनिधिको विजयी र्‍याली

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ मकवानपुरगढी गाउँपालिकामा गठबन्धनबाट नवनिर्वाचित गाउँपालिका अध्यक्ष र उपाध्यक्षसहित सम्बन्धित वडा अध्यक्षहरुले विजयी र्‍याली गरेका छन् ।

मतदातालाई धन्यवाद ज्ञापनसहित विजयी जनप्रतिनिधिहरुले र्‍याली गरेका हुन् । स्थानीय तह निर्वाचन-२०७९ मा मकवानपुरगढी गाउँपालिकामा गठबन्धनबाट नेपाली कांग्रेसका दार्जे लामा स्याङतान अध्यक्ष र नेकपा माओवादी केन्द्रकी मानकुमारी नेपाली पाख्रिन उपाध्यक्षमा निर्वाचित भएका थिए ।

उनीहरुले नेकपा एमालेका अध्यक्ष उम्मेदवार बिदूर हुमागाईं र उपाध्यक्ष सन्तु थिङ पाख्रिनलाई पराजित गरेका हुन् । बुधबार विहान संयुक्त प्रचारप्रसार कार्यालय शिखरकटेरीबाट मक्राञ्चुली हुँदै मनकामना, सामरीफुलमा मतदाताहरुसँग जितको खुशियाली साटासाट गरेका थिए । मकवानपुरगढी वडा नम्बर ५ सिमलटार हुँदै निर्वाचित टोलीले कालिवन, धादिङ, भालुखोला हुँदै बाग्दली र डुम्रेकुनासम्म हजारौं



संख्यामा कार्यकर्ता तथा नेताहरुको सहभागितामा मतदाता भेटघाट गरेका थिए । पञ्चेबाजा सहित वडाका विभिन्न टोलटोलमा पुगी उक्त टोली सुकौराहुँदै बुढीचौरसम्म पुगेर पुन: शिखरकटेरी आएर समापन भएको थियो ।

विजय र्‍यालीले सहिद रुद्र वाटिकामा माल्यार्पण र मन्दिरहरुमा पूजाआजासमेत गरिएको थियो । कार्यक्रममा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका नेता तथा कार्यकर्ताहरुको हजारौं संख्यामा सहभागिता रहेको थियो । मकवानपुरगढीमा कूल ८ वटा वडा छन् । जसमध्ये ५ वटा वडामा नेपाली कांग्रेसका वडा अध्यक्षसहित चार जना सदस्य गरेर प्यानलै विजयी भएका थिए । ६ नम्बर वडामा वडा अध्यक्ष कांग्रेसका र अन्य चार जना वडा सदस्य नेकपा एमालेका निर्वाचित भएका थिए । एमालेले ३ र ४ नम्बर वडा जितेको हो । अधिकांश वडामा गठबन्धन नभएपनि माओवादी केन्द्रले एउटा वडा सदस्य पनि जित्न सकेन् ।


**निवर्तमान अध्यक्ष हुमागाईद्वारा बधाई ज्ञापन**

हेटौंडा-मकवानपुरगढी गाउँपालिकाको निवर्तमान अध्यक्ष बिदूर हुमागाईंले नवनिर्वाचित अध्यक्ष दोर्जे लामा स्याङतानलाई स्वागत तथा बधाई ज्ञापन गरेका छन् ।

नवनिर्वाचित अध्यक्ष स्याङतानलाई विजय र्‍यालीका क्रममा ४ नम्बर वडामा खादा र टीका लगाएर स्वागत तथा सम्मान व्यक्त गरेका हुन् । स्याङतानले उनै हुमागाईलाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका थिए ।

एमालेबाट मकवानपुरगढी गाँउपालिका वडा नम्बर ४ को वडा अध्यक्षमा निर्वाचित वडा अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, एमाले नेता खिलप्रसाद चौलागाई कृष्ण बिडारी, रामजी सापकोटासहितले स्याङतानलाई बधाई ज्ञापन गरेका हुन् । निवर्तमान अध्यक्ष हुमागाईले लामालाई सफल कार्यकालको सुभकामना व्यक्त गर्दै जनमुखी काम गर्न सुझाव दिए ।

# मतान्तर घटाउँदै दोस्रोमा उक्लिए अनन्त



साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/ स्थानीय तह निर्वाचनको मतगणनाअनुसार हेटौंडा उपमहानगरपालिकामा एमालेका मेयर उम्मेदवार अनन्त पौडेल दोस्रोमा उक्लिएका छन् ।

लामो समयदेखि एमालेको गढका रुपमा रहेको हेटौंडामा सानो संगठनको राप्रपाका मेयर उम्मेदवार भन्दापनि पछाडि परेको अवस्थालाई सुधार गर्दै पौडेल दोस्रो स्थानमा आएका छन् ।

४४ हजार ९ सय ७५ मत गणना हुँदा गठबन्धनकी मेयर उम्मेदवार नेकपा (एकीकृत समाजवादी)की मिनाकुमारी लामा अग्रस्थानमा छिन् । लामाले १३ हजार ९ सय ११ मत ल्याउँदै अग्रता कायम राखेकी हुन् । लामाको पछि-पछि दौडिएका राप्रपाका दिपक सिंहलाई पनि पछाडि पार्दै अनन्त दोस्रो स्थानमा उक्लिएका हुन् । अनन्तले १२ हजार ८ सय ९६ मत प्राप्त गरेका छन् । तेश्रो स्थानमा झरेका सिंहले १२ हजार ८ सय ६७ मत ल्याएका छन् ।

पौडेलले १४ नम्बर वडामा राम्रो मत ल्याउन सक्दा उनी तेस्रोबाट दोस्रोमा उक्लिन सफल भएका हुन् । १४ नम्बर वडा अध्यक्षमा एमालेबाट दीपक खड्का निर्वाचित भए ।

यसैगरी उपमेयरमा गठवन्धनका उम्मेदवार राजेश बानियाँको अग्रता कायम छ । बानियाँले २० हजार १ सय २४ मत ल्याएका छन् । एमालकी सुमित्रा काफ्लेले १४ हजार ४ सय १८ मत प्राप्त गरेकी छिन् । राप्रपाकी इन्दिरा न्यौपानेले ३ हजार १ सय ९६ मत प्राप्त गरिन् ।

# अमेरिका भ्रमणका लागि नेपाली टोलीको घोषणा

काठमाडौं, ४ जेठ/ नेपाल क्रिकेट संघ क्यानले बुधबार आइसीसी क्रिकेट विश्वकप लिग-२ का लागि सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्सीय टिमको घोषणा गरेको छ ।

अमेरिकामा हुने आईसीसी क्रिकेट विश्वकप लिग-२ को त्रिदेशीय श्रृखलाका लागि घोषणा गरिएको टोलीमा सुनिल धमला र विनोद भण्डारीले पुनरागमन गरेका छन् । तथापि दुवै जना पछिल्लो समय खेलेको जिम्बाब्वे 'ए'विरुद्धको टोलीमा भने थिए । आदील अन्सारी र किशोर महतोले भने पहिलो पटक एक दिवसीय अन्तर्राष्ट्रिय टोलीमा स्थान बनाएका छन् ।

विश्वकप छनोटका रुपमा रहेको यस प्रतियोगिता ६ जुनदेखि १६ जुनसम्म हुनेछ । नेपालले पहिलो खेल ओमानविरुद्ध ९ जुनमा खेल्नेछ । दोस्रो खेल अमेरिका विरुद्ध ११ जुनमा खेल्नेछ । ओमानविरुद्धको दोस्रो खेल नेपालले १४ जुनमा र अमेरिकाविरुद्धको दोस्रो खेल १५ जुनमा खेल्नेछ ।

पछिल्लो समय आइसीसी क्रिकेट विश्वकप लिग-२ कै लागि युएई भ्रमणमा रहेका विवेक यादव, भिम सार्की, कमलसिंह ऐरी र पवन सर्राफ अमेरिका भ्रमणमा हुने छैनन् । नेपालमै पीएनजीविरुद्ध खेलेको टिमका सुशन भारी र गुल्सन झा पनि टोलीमा अटेका छैनन् ।

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)


**जैविक मलका फाइदाहरु**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल




**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा
वेवसाईट
www.
sajhakuranews.com

साझाकुरा
खोजी खोजी
पढौं ।
दैनिक रुपमा
समाचार पढौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना